पर्यावरण सन्तुलन कायम राख्न तथा धर्म-संस्कृतिको जगेर्ना गर्न

# राजगोमन सर्पको संरक्षण गरौँ

नेपाली नामः राजगोमन/नागराज | English Name: King Cobra | Scientific Name: *Ophiophagus hannah*

- राजगोमनको मुख्य आहार सर्पहरु नै हुन् । यसले विषालु तथा अविषालु सर्पहरुलाई खाएर प्रकृतिमा तिनको संख्यालाई नियन्त्रण गरेको हुन्छ । यसरी पर्यावरण संतुलित बनाई राख्न ठूलो भूमिका खेल्दछ ।
- यो सर्प नेपालमा तराईदेखी पहाडी क्षेत्रको ३५०० मी. उचाई सम्म भेटिएको छ ।
- हिन्दु तथा बौद्ध धर्ममा राजगोमनलाई प्रकृति र मानिसको हित गर्ने जन्तुको रुपमा चित्रित गरेको पाईन्छ ।
- राजगोमनको विषबाट आधुनिक निकै प्रभावकारी औषधीहरु बनाइन्छन् ।
- सबै सर्पहरु मध्ये राजगोमन एक मात्र त्यस्तो सर्प प्रजाति हो जसले गुँड बनाएर अण्डा पारेर बच्चा निकाल्दछ ।
- राजगोमन विश्वकै सबैभन्दा लामो विषालु सर्प भएता पनि यसले डस्ने घटनाहरु नगण्य हुन्छन् ।









The Rufford Foundation
www.rufford.org @ruffordgrants

Himalayan Nature

थप जानकारीका लागि: हिमाली प्रकृति, पो.ब. नं. १०९१८ लाजिम्पाट, काठमाण्डौ, नेपाल फोन: ०१-४४२३२२५ info@himalayannature.org www.himalayannature.org

## राजगोमन सर्पको संरक्षण किन गर्ने ?

यो सर्प एसियाका केही देशहरुमा मात्र पाईने भएकोले नेपालमा पनि यसको उपस्थिति हुनु आफैमा गर्व को विषय हो । यसले प्रकृतिमा खेल्ने विभिन्न भूमिका र अन्य महत्वका कारण यसको संरक्षण गर्न नितान्त आवश्यक छ । यसको महत्व निम्न प्रकारका छन् ।

**प्रकृतिमा सर्पको संख्या नियन्त्रण:** राजगोमनले अन्य विषालु तथा अविषालु सर्पहरु खाने भएकोले यो सर्प पाईने क्षेत्रमा अन्य सर्पहरु कम पाईन्छन्, जसको फलस्वरुप मानिसलाई सर्पले डस्ने घटनाहरु पनि कम हुन्छन् ।

**पर्यावरणीय महत्व:** राजगोमन एक शिर्ष शिकारी प्रजाति हो । यसको आहारा मुख्यत: अन्य विषालु तथा अविषालु सर्पहरु हुन् भने कहिलेकाहीँ साना स्तनधारी जीवहरु, छेपारोहरु तथा चराचुरुङ्गीहरु पनि खाने भएकोले यसले आहार श्रृखलामा निकै महत्वपूर्ण भूमिका निर्वाह गर्दै पर्यावरण सन्तुलन बनाईराख्न ठूलो योगदान गरेको हुन्छ । यदि उक्त आहार श्रृखलाबाट यसको मुख्य पात्र राजगोमनको संख्यामा कमी आयो वा लोप भएर गयो भने पर्यावरणीय सन्तुलनमा खलल पुग्दछ ।

**औषधीय महत्व:** राजगोमनको विष राजगोमनकै दंशको उपचारका लागि आवश्यक पर्ने औषधि, प्रतिविष (Anti-Snake Venom Serum-ASVS) बनाउन प्रयोग हुन्छ । अझ यसको विष दुखाइ कम गर्न निकै प्रभावकारी औषधि बनाउनमा पनि प्रयोग हुन्छ जुन मोर्फिन नामक कडा औषधि भन्दा २० गुणा प्रभावकारी र साईड ईफेक्ट रहीत हुन्छ भने वैज्ञानिकहरु यसको विषमा अन्य धेरै रोगहरु निको पार्ने गुण रहेको विश्वास गर्दछन् र यसबारे विस्तृत अनुशन्धान जारी छ ।

**धार्मिक-सौंस्कृतिक महत्व:** हिन्दु तथा बुद्ध धर्ममा राजगोमनको ठूलो महत्व छ । यी दुवै धर्मका विभिन्न धर्म ग्रन्थहरु तथा लोक कथाहरुमा राजगोमनको विभिन्न भूमिका र महत्वको वर्णन गरेको पाईन्छ भने नाग पञ्चमी लगायत विविध अवसरहरुमा यसको पूजा गर्ने चलन पनि रहिआएको छ ।





## राजगोमन सर्पको संरक्षण कसरी गर्ने ?

१. राजगोमनको अवैध संकलन, विक्रि-वितरण वा मार्ने काम नगर्ने ।
२. राजगोमनको गुँड भत्काईदिने, अण्डा फुटाईदिने र अण्डाको रक्षार्थ गुँडमाथि बसेको पोथी राजगोमनलाई जिस्क्याउने, लखेट्ने वा मार्ने जस्ता क्र्याकलाप कदापी नगर्ने ।
३. राजगोमनको भाले-पोथी समागमको समय निकै महत्वपूर्ण र संवेदनशील हुने भएकोले उक्त समयमा तिनलाई बाधा नपुऱ्याउने ।
४. राजगोमनको वासस्थान तथा गुँड बनाउने क्षेत्रको संरक्षण गर्ने । विकास निर्माणका योजना बनाउँदा यस्ता क्षेत्रलाई क्षति नपुगोस् भन्ने विषयमा सचेत हुने ।
५. आफ्नो खेत, बारी, गाउँ, घर वा वस्ती क्षेत्रमा राजगोमन देखिएमा त्यसलाई जिस्क्याउने, लखेट्ने वा मार्ने प्रयास नगर्ने । आफु, आफ्नो परिवारका सदस्य, छिमेकी र अन्य उपस्थित मानिसहरुलाई सुरक्षित दूरी र स्थानमा राख्ने । सामान्यतया: केही समय पछि ऊ आफै त्यहाँबाट जान्छ । यदि लामो समय पछि पनि गएन भने नजीकको वन कार्यालय, जिल्ला वन कार्यालय, नेपाल प्रहरीको चौकी, शसस्त्र प्रहरीको चौकी, नेपाली सेनाको ब्यारेक वा तालिम प्राप्त तथा अनुभवी सर्प उद्धारकर्ता लाई खबर गर्ने र यी मध्ये कुनै निकायबाट सहयोग नआउँदासम्म सुरक्षित दूरी र स्थानबाट सर्पको निगरानी गरिराख्ने ।
६. राजगोमन सर्प घरभित्र पस्ने घटनाहरु निकै कम हुन्छन् तर यदि पसेको छ र कुनै पनि निकायबाट सहयोग आइपुग्ने अवस्था नरहेको खण्डमा धुप बालेर वा कपडा पोलेर धुवाँ र गन्ध पैदा गर्ने जसले गर्दा सर्पलाई श्वास फेर्न अप्ठ्यारो भई आफै बाहिर निस्कन सक्दछ ।

## राजगोमनको सम्भावित दंशबाट कसरी बच्ने ?

राजगोमन विश्वकै सबैभन्दा ठूलो विषालु सर्प हो । यसको विष निकै कडा र विषको मात्रा नेपालमा पाईने अन्य विषालु सर्पहरुको भन्दा निकै धेरै हुने भएकोले यसको दंशबाट मानिसको मृत्यु छिटोमा २० मिनेट भित्र हुनसक्दछ र यसको दंशको उपचार गर्ने प्रतिविष नेपालमा नपाइने भएकोले यसको दंश घातक सावित हुनसक्दछ । यद्यपि, सामान्तया: यो सर्प आफै मानिस सँगको सम्भावित भिडन्तबाट बच्न खोज्दछ र मान्छे देख्ने बित्तिकै भाग्न खोज्दछ तर यदि यसले आफु भाग्ने बाटो नपाएको र खतरामा परेको महसुश गरेको खण्डमा आफ्नो शरिरको अगाडीको झण्डै एक तिहाई भाग जमीनबाट माथि उठाएर छिटो छिटो जिब्रो लप्लपाउँदै र कहिलेकाहीँ फुक्कार्दै चेतावनी दिने गर्दछ । यदि तत्पश्चात् पनि चेतावनीको बेवास्ता गरिरहेको खण्डमा आक्रमण गर्न सक्दछ । त्यसैले, राजगोमन आफै भिडन्त नचहाने र यो सँग चेतावनी दिने विशेष व्यवस्था भएकोले प्राकृतिक अवस्थामा यसले मानिसलाई टोक्ने घटनाहरु विश्वमै नगण्य मात्र छन् । धेरैजसो यसले डसेका घटनाहरु यसलाई जिस्क्याउने, समात्ने, खेल्ने वा मार्न खोज्दा हुने गरेका छन् । त्यसैले,

**राजगोमनको सम्भावित दंशबाट बच्न निम्न उपाय अपनाउन सकिन्छ :**

१. राजगोमन सर्प पहिचान गर्ने विधि जानि राख्ने ।
२. राजगोमन सर्पलाई जिस्क्याउने, समात्ने वा मार्ने प्रयास नगर्ने ।
३. पोथी राजगोमन सर्पलाई लखेट्ने, त्यसको गुँड भत्काउने वा अण्डा फुटाउने प्रयास नगर्ने ।
४. आफ्नोघर वरिपरिका झाडी काटेर सफा राख्ने, ढुङ्गा, ईंटा, दाउरा, काठ आदिको थुप्रो घर नजीक नराख्ने ।
५. यदि कहीँ कतै कारणवस मरेको वा मारिएको राजगोमन भेटिएमा त्यसलाई नाङ्गो हातले चलाउने वा समात्ने प्रयास नगर्ने ।

## राजगोमन सर्पले टोकेमा के गर्ने, के नगर्ने ?

१. यस्तो समयमा मुटुको धड्कन र शरिरको रक्तसंचार समान्य राख्न जरुरी हुन्छ, त्यसैले बिरामीलाई नआत्तालिएर शान्त रहन ढाडस दिने । हिँड्न, कुद्न, खेल्न, सुत्न, कुनै पनि चिज खान वा पिउन नदिने ।
२. टोकेको अङ्ग (हात, खुट्टा आदि) मा कसिलो कपडा, औंठी, घडी आदि भए हटाइदिने ।
३. पहिले घाउलाई सफा र सानो कपडा वा ब्याण्डेजले छोपिदिने र क्रेप ब्याण्डेज लगाउने । यदि क्रेप ब्याण्डेज उपलब्ध नभएमा गाउँघरमा सजिलै उपलब्ध हुने कपडा (उदाहरणको लागि साडी, तन्ना, सिरकको खोल, पातलो सल, पटुका आदि) ले घाउभन्दा माथि तिर बाँध्न मिल्ने ठाउँसम्म मर्कको-सड्केको ठाउँमा बाँधेजस्तै र जत्तिकै कसिलो (कान्छी औंला छिराउन सकिने) गरी बाँध्नुपर्दछ । तर अनुहार, छाती, ढाड, पुठ्ठामा टोकेमा क्रेप ब्याण्डेज लगाउन मिल्दैन । ती अङ्गमा लोकल कम्प्रेसन प्याडको प्रयोग उपयोगी हुन्छ ।
४. टोकेको अंग ( हात वा खुट्टा ) मात्रै नभएर सम्पूर्ण शरिर नै धेरै हलचल नहुने गरी स्थीर राख्ने र छिटो भन्दा छिटो नजीकको सर्पदंश उपचार केन्द्रमा पुऱ्याउने ।
५. यसरी उपचार केन्द्र लैजाँदा तुरुन्तै उपलब्ध सवारी साधन एम्बुलेन्स, कार, जीप, भ्यान, ट्याक्सी, मोटरसाईकल, साईकल र दुर्गम क्षेत्र (यातायातको सुविधा नभएको क्षेत्र) मा स्ट्रेचर, डोको वा डोलीको प्रयोग गर्न सकिन्छ तर विषालु सर्पले टोकेको व्यक्तिलाई कहिल्यै पनि हिंडाएर उपचार केन्द्र लैजानु हुँदैन । त्यसैले, यी साधन भएका व्यक्ति, संघ वा संस्था तथा सर्पदंश उपचार केन्द्रको सम्पर्क नम्बर साथमा हुन निकै महत्वपूर्ण हुन्छ ।

तस्वीर साभार:
www.inquisitr.com - Front picture
www.wikipedia.com - Picture 1
Thomas Marent - Picture 2
K. S. Sajwan - Picture 3
KB Thapa - Picture 4
www.aboutanimal.com - Picture 6
Ajay Giri - Picture 7

पर्यावरण सन्तुलन कायम राख्न तथा धर्म-संस्कृतिको जगेर्ना गर्न

# राजगोमन सर्पको संरक्षण गरौँ

नेपाली नाम: राजगोमन/नागराज  English Name: King Cobra  Scientific Name: *Ophiophagus hannah*



The Rufford Foundation
www.rufford.org @ruffordgrants
Himalayan Nature

थप जानकारीका लागि:
हिमाली प्रकृति, पो.ब. नं. १०९१८ लाजिम्पाट, काठमाण्डौ, नेपाल
फोन: ०१-४४२३२२५ www.himalayannature.org

## परिचय

**अंग्रेजी नाम:** King Cobra (किङ्ग कोब्रा), **Hamadryad** (हामाड्र्याद)
**वैज्ञानिक नाम:** *Ophiophagus hannah* (ओफियोफ्यागस् हान्ना)
**नेपाली नाम:** राजगोमन, नागराज, कालीनाग, भैंसे डोम, तिरिशे
**विश्वव्यापी फैलावट:** दक्षिण र दक्षिण पूर्वी एसिया (नेपाल, भारत, चीन, बङ्गलादेस, भुटान, थाइल्यान्ड, कम्बोडिया, भियतनाम, हङ्कङ्ग, बर्मा, मलाया, इण्डोनेसिया, फिलिपिन्स) भौगोलिक फैलावट विस्तृत देखिएता पनि थाईल्याण्ड र भारतको केही वनक्षेत्रमा बाहेक अन्यत्र दुर्लभ, समथल भू-भागदेखि ४००० मी. उचाई सम्म



Picture 1

**नेपालमा फैलावट:** नेपालभरि, तराईदेखी ३५०० मी. उचाई सम्म, विशेष गरि पानीको स्रोत सहितको घना जंगल
**राजगोमन सर्पको विशेषता:** आफूलाई खतरा महशुस भएको खण्डमा चेतावनी दिनका लागि फणा बनाएर शरिरको लम्बाईको एक तिहाई भाग जमीनबाट माथि उठाउन सक्दछ भने यस्तै अवस्थामा हिंड्न पनि सक्दछ जुन अन्य गोमन प्रजातिका सर्पहरुले गर्न सक्दैनन् ।



Picture 2

यो चरा जस्तै गुँड बनाएर अण्डा पारी बच्चा कोरल्ने विश्वकै एक मात्र सर्प प्रजाति हो ।



Picture 3

**अण्डाको संख्या:** यो सर्पले ७ देखी ५३ वटा सम्म अण्डा पार्दछ ।
**अण्डा कोरल्ने अवधि:** ६६ देखी १०५ दिनसम्म, अण्डाबाट बच्चा निस्कने केही दिन अघि सम्म गुँडमाथि बसेर अण्डाको रक्षा गर्दछ ।



Picture 4

राजगोमन विश्वकै सबै भन्दा लामो विषालु सर्प हो जसको लम्बाई ५.८ मी. (१९.२ फिट) सम्म हुन्छ तर सामान्यतया ३ देखी ४ मी. लम्बाईको हुन्छ ।



**विषको किसिम:** यसको विष न्युरोटक्सिक (Neurotoxic), अर्थात् स्नायु प्रणालीमा क्षति पुऱ्याउने किसिमको हुन्छ ।
**सक्रियता:** यो सर्प बिहान, दिउँसो र साँझपख बढी सक्रिय हुन्छ ।
**औषत आयु:** २० वर्ष
**भाले-पोथी मिलनको समय:** पुष देखी चैत्र महिना सम्म
**आहारा:** अन्य विषालु तथा अविषालु सर्प प्रजातिहरु तर कहिलेकाहीँ आफ्नै प्रजातिको सर्प पनि खाने गर्दछ ।



Picture 6

**राजगोमन सर्प पहिचान गर्ने तरिका:** वयस्क राजगोमन सर्प कालो, फुस्रो, पहेंलो-फुस्रो, फिक्का हरियो, जैतुनी, फुस्रो-हरियो, फुस्रो-खैरो आदि रङ्गको शरिरमा पहेंलो वा सेतो गोलाकार पट्टीहरु भएको हुन्छ । घाँटीको पछिल्तिर पट्टीको सट्टा उल्टो V (Λ) आकारको चिन्ह हुन्छ । शरिरको जमीनलाई छुने तल्लो भाग मैलो सेतो वा पहेंलो-सेतो हुन्छ । यसको घाँटी मसिनो नभै लगभग शरिरकै मोटाइ बराबरको हुन्छ जसबाट रिसाएको बेला फुल्याएर फणा (hood) बनाउने गर्दछ । टाउकोका कत्लाहरु ठूल्ठूला हुन्छन् भने एक जोडी घुच्चुके कत्ला अन्य कुनै सर्पको भन्दा निकै ठूला हुन्छन् । अन्य गोमन प्रजातिहरुमा जस्तै यसको पनि माथिल्लो तेस्रो औंठ कत्लाले आँखा र नाके कत्लालाई छोएको हुन्छ । राजगोमन एक मात्र त्यस्तो सर्प प्रजाति हो जसको पुच्छरको तल्लो भागको शुरुका केही कत्ला एक लाइने र त्यसपछि दुई लाइने हुन्छन् । यसको बच्चाहरु वयस्क भन्दा फरक देखिन्छन् । यिनको कालो शरिरमा पहेंलो पट्टीहरु हुन्छन् । बच्चाहरु जन्मिदा देखि नै वयस्कको जत्तिकै कडा विष भएका हुन्छन् र खतरा महसुस हुँदा आक्रमण गर्न सक्दछन् ।




Picture 7

**संरक्षण अवस्था:**
नेपाल तथा विश्वव्यापीरुपमा - दुर्लभ
विश्व प्रकृति संरक्षण संघ (International Union for Conservation of Nature and Natural Resources - IUCN) ले लोपउन्मुख प्रजातिहरुको रातो सूची (Red List of Threatened Species) मा राजगोमनलाई अति संवेदनशील (Vulnerable-VU) भनी सूचीकृत गरेको छ जसको अर्थ संकटापन्न वा अति संकटापन्न होइन तर पनि भविष्यमा जंगली अवस्थाबाट लोप भईजाने उच्च जोखिममा रहेको छ भन्ने जनाउँदछ । यस्तै, दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अवैध व्यापार सम्बन्धि अन्तराष्ट्रिय महासन्धि (Convention on International Trade in Endangered Species of Wild Fauna and Flora -CITES) ले अनुसूची २ मा राखेको छ । यो अनुसूचीमा परेका प्रजातिहरु तत्काल लोप भईजाने अवस्थामा नरहे पनि अवैध व्यापारको कडा निगरानी नगरेको खण्डमा त्यसो हुनसक्छ भन्ने जनाउँदछ । नेपालको राष्ट्रिय रातो किताब (National Red Data Book of Nepal) मा पनि अति संवेदनशीलको सूचीमा पर्दछ ।

**कानुनी व्यवस्था:** *नेपाल सरकारको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले राजगोमन सर्पको संकलन, उपयोग, बिक्री-वितरण, ओसारपसार, विदेस निकासी तथा घाईते बनाउन वा मार्नमा पूर्णत: बन्देज गरेको छ । यदि यसो गरे-गराएको पाईएमा कानुन बमोजिम कडा कारवाहीको व्यवस्था गरेको छ, जस अनुसार कसुरवालालाई बीस हजार रुपयाँसम्म जरिवाना र छ महिनासम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।*


पर्यावरण सन्तुलन कायम राख्न तथा धर्म-संस्कृतिको जगेर्ना गर्न
नेपाली नामः राजगोमन/नागराज
संरक्षित राजगोमन, सन्तुलित पर्यावरण
राजगोमन सर्पको संरक्षण गरौं
Himalayan Nature
Himalayan Nature
info@himalayannature.org www.himalayannature.org


पर्यावरण सन्तुलन कायम राख्न तथा धर्म-संस्कृतिको जगेर्ना गर्न
संरक्षण गरौं
KING COBRA
Ophiophagus hannah
Himalayan Nature
info@himalayannature.org www.himalayannature.org

# राजगोमन/नागराज

## को संरक्षण गरौं

**यस क्षेत्रमा राजगोमनलाई हानी पुग्ने कुनै पनि कृयाकलाप गर्न सख्त मनाही छ ।**

**नागराजको संरक्षण गरौं**

**धर्म-संस्कृतिको जगेर्ना गरौं**

**पर्यावरण संतुलन कायम राखौं**

The Rufford Foundation
www.rufford.org @ruffordgrants

Himalayan Nature






**KB Thapa**
**King Cobra Researcher**
**9847028110**


राजगोमन संरक्षणमा हातेमालो गरौं
**Together for King Cobra Conservation**

के तपाईसँग दुर्लभ राजगोमन वा अन्य सर्प बारे कुनै सूचना छ ?
यदि छ भने तल दिईएको नम्बर वा ठेगानामा जानकारी दिनुहुन अनुरोध छ ।


Viber: 9847028110
E-mail: kbthapa26@gmail.com
Facebook: Jeevan Thapa


Research Organization
Himalayan Nature

Supported by
The Rufford Foundation
www.rufford.org @ruffordgrants

